# आकाशवाणी समाचार- नेपाली

मितिः ०७ मई २०२५

समयः १४:४० - १४:५० बजे (*अवधिः १० मिनट*)

**<u>मुख्य समाचार</u>**

- प्रधानमन्त्री नरेन्द्र मोदीले भारतका नदीहरूको पानी अब देशको हितमा प्रयोग गरिने बताउनु भयो ।

- भारतले 'अपरेशन सिन्दूर' अन्तर्गत पाकिस्तान प्रशासित जम्मू कश्मीरमा आतंकवादी लुकेका ठाउँहरूमा कारबाही गरेको छ।

- गृह मन्त्रालयले देशभरका २४४ वर्गीकृत नागरिक रक्षा जिल्लाहरूमा नागरिक रक्षा अभ्यास र पूर्वाभ्यास सञ्चालन गर्ने निर्णय गरेको छ।

- अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पाकिस्तान र पाकिस्तान अधिकृत क्षेत्र कश्मीर भित्र आतंकवादी शिविरहरूमा भारतीय हवाई हमलाको प्रतिक्रिया दिनु भएको छ ।

- आइपिएल क्रिकेटमा हिजो गुजरात टाइटन्सले डकवर्थ लुइस नियम अन्तर्गत मुम्बई इन्डियन्सलाई चार विकेटले पराजित गऱ्यो

**<u>पीएम-इंडिया</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले भारतका नदीहरूको पानी अब देशको हितमा प्रयोग गरिने बताउनु भयो । नयाँ दिल्लीमा एक निजी टिभी च्यानलको सम्मेलनलाई सम्बोधन गर्नु हुदै प्रधानमन्त्रीले पहिले बाहिर जाने भारतको पानी अब भारतको हितमा प्रयोग गरिने बताउनु भयो । नदीहरू जोड्न आफ्नो सरकारले गरेको ऐतिहासिक पहललाई प्रकाश पर्नु हुदै प्रधानमन्त्रीले भन्नु भयो, दशकौंदेखि पानी विवादहरू छलफलमा हावी छन्, तर आफ्नो सरकारले राज्य सरकारहरूसँगको सहकार्यमा नदीहरू जोड्नको लागि एक प्रमुख अभियान सुरु गरेको छ। केन-बेतवा लिंक परियोजना र पार्वती-कालिसिन्ध-चम्बल लिंक परियोजना जस्ता प्रमुख परियोजनाहरूलाई उद्धृत गर्नु हुदै प्रधानमन्त्रीले यी पहलहरूले पानीको उपलब्धता सुनिश्चित गर्ने र लाखौं किसानहरूलाई फाइदा पुऱ्याउने बताउनु भयो । श्री मोदीले जलस्रोतको बारेमा चलिरहेको मिडिया बहसलाई उल्लेख गर्नु हुदै विगतको कुरा उल्लेख गर्नुभयो जब भारतको हिस्साको पानी यसको सिमाना बाहिर बगिरहेको थियो। प्रधानमन्त्रीले भारतको पानी देश भित्रै रहने र देशको विकासको लागि उचित रूपमा प्रयोग गरिने बताउनु भयो ।

BYTE

प्रधानमन्त्रीले देश व्यापार र वाणिज्यको जीवन्त केन्द्र बन्ने दिशामा अघि बढिरहेको बताउनु भयो । भारत र ब्रिटेनबीचको स्वतन्त्र व्यापार सम्झौताको प्रशंसा गर्नु हुदै प्रधानमन्त्रीले यो सम्झौताले आर्थिक गतिविधिहरूलाई बढावा दिने र भारतीय व्यवसाय र एमएसएमईहरूको लागि अवसरहरू सिर्जना गर्ने बताउनु भयो । प्रधानमन्त्रीले भन्नु भयो, भारतले युएई, अष्ट्रेलिया र मौरिससँग व्यापार सम्झौतामा हस्ताक्षर गरेको छ। उहाले भन्नु भयो, भारत विश्वसँग सक्रिय रूपमा संलग्न छ। प्रधानमन्त्रीले जोड दिनु भयो, भारतले सुधारहरू कार्यान्वयन मात्र गरिरहेको छैन तर व्यापार र वाणिज्यको लागि एक जीवन्त केन्द्रको रूपमा स्थापित गर्न विश्वसँग सक्रिय रूपमा संलग्न पनि भइरहेको छ।

BYTE

श्री मोदीले विगत १० देखि ११ वर्षमा, आफ्नो सरकारले लामो समयदेखि विचाराधीन राजनीतिक इच्छाशक्तिको अभाव भएका र दशकौंसम्म समाधान नभएका मुद्दाहरूलाई समाधान गर्न धेरै निर्णायक कदम चालेको बताउनु भयो । उहाले बैंकिङ क्षेत्रको उदाहरणलाई उत्कृष्ट उदाहरणको रूपमा प्रस्तुत गर्नु हुदै बैंकिङ अर्थतन्त्रको मेरुदण्ड भएकोमा जोड दिनु भयो ।

प्रधानमन्त्रीले भन्नु भयो, २०१४ भन्दा पहिले बैंकिङ क्षेत्र पतनको संघारमा थियो, तर आज भारतको बैंकिङ प्रणाली विश्वको सबैभन्दा बलियो बैंकिङ प्रणालीहरू मध्ये एक हो। उहाले  बैंकहरूले कीर्तिमानी नाफा कमाइरहेका र जमाकर्ताहरूले सेवाहरूको फाइदा लिइरहेको बताउनु भयो । उहाले यो  उल्लेखनीय रूपान्तरण आफ्नो सरकारले लागू गरेका प्रमुख सुधारहरूको परिणाम भएको, जसमा क्षेत्रलाई सुदृढ पार्न साना बैंकहरूको रणनीतिक विलय पनि समावेश रहेको बताउनु भयो । श्री मोदीले सरकारले मानव-केन्द्रित विश्वव्यापीकरणको बाटो रोजेको, जहाँ वृद्धि बजारले मात्र निर्धारण नगरेर व्यक्तिहरूको सम्मानजनक जीवन बिताउने र आफ्ना सपनाहरू पूरा गर्ने क्षमताले मापन गरिने बताउनु भयो । प्रधानमन्त्रीले भन्नुभयो, पछिल्लो दशकमा २५ करोड मानिसहरू गरिबीबाट बाहिर निस्किएका छन्। यस महिना मुम्बईमा आयोजित भारतको पहिलो विश्व अडियोभिजुअल मनोरञ्जन शिखर सम्मेलन - वेभ्सको बारेमा बोल्नु हुदै , श्री मोदीले यस कार्यक्रममा मिडिया, मनोरञ्जन र रचनात्मक उद्योगका विश्वभरका मानिसहरूले ठूलो संख्यामा भाग लिएको बताउनु भयो । उहाले  विगत तीन वर्षमा युट्युबले मात्र भारतीय सामग्री सिर्जनाकर्ताहरूको लागि २१ हजार करोड रुपैयाँ कमाएको बताउनु भयो ।

**भारत-अपरेशन सिंदूर**

भारतले 'अपरेशन सिन्दूर' अन्तर्गत पाकिस्तान प्रशासित जम्मू कश्मीरमा आतंकवादी लुकेका ठाउँहरूमा कारबाही गरेको छ। रक्षा मन्त्रालयले एक विज्ञप्तिमा भनेको छ कि यस अपरेशन अन्तर्गत कुल ९ स्थानहरूलाई लक्षित गरिएको थियो। मन्त्रालयले यो कारबाही पूर्णतया सटीक र अहिंसात्मक प्रकृतिको भएको बताएको छ। मन्त्रालयले कुनै पनि पाकिस्तानी सैन्य स्थानलाई लक्षित नगरिएको बताएको छ। पहलगाममा भएको बर्बरतापूर्ण  आतंकवादी हमलामा २५ भारतीय र एक नेपाली नागरिकको मृत्यु भएपछि यो कदम चालिएको रक्षा मन्त्रालयले जनाएको छ। मन्त्रालयले भारतीय सेना आफ्नो प्रतिबद्धता पूरा गरिरहेको बताएको छ। यस आक्रमणको लागि जिम्मेवार व्यक्तिहरू जवाफदेही हुनेछन्। विज्ञप्तिमा 'अपरेसन सिन्दूर' बारे विस्तृत जानकारी पछि दिइने पनि भनिएको छ। रक्षामन्त्री राजनाथ सिंहले भारतीय सेनाले सुरु गरेको 'अपरेशन सिन्दूर' प्रति प्रतिक्रिया दिनु भएको छ । रक्षामन्त्रीले सामाजिक सञ्जाल पोस्टमा , "भारत माता की जय।" लेख्नु भएको छ I उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले पनि भारतीय सेनाको प्रशंसा गर्नु भयो ।

**मक ड्रिल**

गृह मन्त्रालयले देशभरका २४४ वर्गीकृत नागरिक रक्षा जिल्लाहरूमा नागरिक रक्षा अभ्यास र पूर्वाभ्यास सञ्चालन गर्ने निर्णय गरेको छ। दिल्ली शिक्षा निर्देशनालयले सबै विद्यालय प्रमुखहरूलाई विद्यार्थी र शिक्षकहरूका लागि मक ड्रिल तालिम सत्रहरू आयोजना गर्न निर्देशन दिएको छ। विद्यालयहरूलाई उचित अभ्यास कसरी सञ्चालन गरिन्छ भनेर बुझ्न मद्दत गर्न एउटा प्रदर्शन भिडियो साझा गरिएको छ। राष्ट्रव्यापी मक ड्रिलको  एक भागको रूपमा, दिल्लीका अधिकारीहरूले शहरभरि ५५ स्थानहरूमा 'अपरेसन अभ्यास' सञ्चालन गर्नेछन्। अधिकारीहरूले भने कि यो अभ्यासले हवाई हमला, आगो र उद्धार कार्य जस्ता विभिन्न आपतकालीन परिस्थितिहरूको अनुकरण गर्नेछ। पञ्जाबले आज राज्यमा नागरिक रक्षा तयारीको मूल्याङ्कन गर्न एक मक ड्रिल गर्ने भएको छ। यो अभ्यास पाकिस्तानसँग सीमा जोडिएका अमृतसर, फिरोजपुर, गुरदासपुर र तरनतारन जिल्लाहरू सहित बीस जिल्लाहरूमा सञ्चालन गरिनेछ। यस्ता अभ्यासहरूको उद्देश्य जनतामा चेतना जगाउनु र कुनै पनि शत्रुतापूर्ण आक्रमणको अवस्थामा आवश्यक सावधानी अपनाउनु हो। गृह मन्त्रालयको निर्देशन अनुसार, आज  केरलाका सबै जिल्लाहरूमा नागरिक सुरक्षा मक ड्रिल गरिनेछ। अभ्यास ४ बजे सुरु हुनेछ। मुख्य सचिव ए. जयथिलाको अध्यक्षतामा बसेको बैठकमा अभ्यासको तयारीको समीक्षा गरिएको थियो। मुख्य सचिवले मक ड्रिललाई सहयोग गर्न जनतालाई आग्रह गर्नु भएको छ । यसरी नै नागाल्याण्डको  १० जिल्लामा नागरिक सुरक्षा मक ड्रिल सञ्चालन गरिनेछ। राज्यको गृह विभाग अनुसार ‘अपरेशन अभ्यास’ कोड नामको अभ्यास दिमापुर, कोहिमा, मोकोकचुङ, वोखा, जुनहेबोटो, मोन, फेक, टुएनसाङ, किफिरे र पेरेनमा हुनेछ। गुजरातको  १८ जिल्लामा पनि  नागरिक सुरक्षा मक ड्रिल सञ्चालन गरिनेछ।

**भारतीय वायुसेना**

भारतीय वायुसेनाले भोलिदेखि राजस्थानमा पाकिस्तानसँगको अन्तर्राष्ट्रिय सीमामा दुई दिने सैन्य अभ्यास गर्नेछ। भारतीय वायुसेनाले यसलाई पूर्व नियोजित नियमित प्रशिक्षण अभ्यास भनेको छ, जसमा राफेल, सुखोई-३० र जगुआर विमानहरू सहित सबै अग्रपंक्तिका लडाकु विमानहरू समावेश हुनेछन्। भारतीय विमानस्थल प्राधिकरणले जारी गरेको नोटाम अनुसार, यो अभ्यास भोलि दिउँसो ३बजेर ३० मिनटदेखि  सुरु हुनेछ र बिहीबार राति ९ बजेर ३० मिनटसम्म जारी रहनेछ, जसले प्रभावित क्षेत्रहरूमा हवाई क्षेत्र प्रतिबन्धित गर्नेछ।

**ट्रंप भारत-पाकिस्तान**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पाकिस्तान र पाकिस्तान अधिकृत क्षेत्र कश्मीर भित्र आतंकवादी शिविरहरूमा भारतीय हवाई हमलाको प्रतिक्रिया दिनु भएको छ । श्री ट्रम्पले भन्नु भयो, मानिसहरूलाई थाहा थियो कि केहि हुन गइरहेको छ। अमेरिकी राष्ट्रपतिले दुई देशबीचको तनाव चाँडै अन्त्य हुने आशा व्यक्त गर्नु भयो । यसैबीच, अमेरिकी विदेशमन्त्री मार्को रुबियोले भारत र पाकिस्तानबीचको अवस्थालाई नजिकबाट नियालिरहेको बताउनु भयो । सामाजिक सञ्जालमा पोस्ट गर्नु हुदै  श्री रुबियोले अमेरिकी राष्ट्रपतिले यस मुद्दाको शान्तिपूर्ण समाधानको लागि भारतीय र पाकिस्तानी दुवै नेतृत्वसँग निरन्तर सम्पर्कमा रहने बताउनु भयो ।

**प्रधानमंत्री- जर्मनी**

प्रधानमन्त्री नरेन्द्र मोदीले जर्मनीको नयाँ चान्सलरको रूपमा कार्यभार सम्हालेकोमा फ्रेडरिक मर्जलाई बधाई दिनु भएको छ । सामाजिक सञ्जालमा पोस्ट गर्नु हुदै , श्री मोदीले भारत-जर्मनी रणनीतिक साझेदारीलाई अझ बलियो बनाउन सँगै काम गर्न तत्पर रहेको बताउनु भयो ।

**सीयूईटी-यूजी-एनटीए**

राष्ट्रिय परीक्षण एजेन्सीले साझा विश्वविद्यालय प्रवेश परीक्षा-स्नातक-सीयूईटी-यूजी को मिति परिवर्तन गरेको छ। अब यो परीक्षा १३ मईदेखि सुरु हुनेछ। यसअघि यो परीक्षा ८ मईबाट सुरु हुने भनिएको थियो। स्रोतका अनुसार राष्ट्रिय परीक्षा एजेन्सीले हालै मेडिकल प्रवेश परीक्षा NEET-UG सञ्चालन गर्ने विशाल कार्य पूरा गरेको छ, जुन गत वर्ष निगरानीमा थियो। यसैलाई ध्यानमा राख्दै, CUET-UG को मिति परिवर्तन गरिएको छ। यस वर्ष CUET-UG का लागि रेकर्ड १३.५ लाख आवेदन प्राप्त भएका छन्। गत वर्षको ढाँचा परिवर्तन गर्दै, परीक्षा कम्प्युटर-आधारित परीक्षण मोडमा मात्र सञ्चालन गरिनेछ। यो परीक्षा पहिलो पटक २०२४ मा हाइब्रिड मोडमा सञ्चालन गरिएको थियो।

**आइपिएल**

आइपिएल क्रिकेटमा, गुजरात टाइटन्सले हिजो राति वानखेडे स्टेडियममा वर्षाले बाधित म्याचको अन्तिम बलमा डकवर्थ लुइस नियमका आधारमा मुम्बई इन्डियन्सलाई चार विकेटले पराजित गर्‍यो। यो जितसँगै गुजरात टाइटन्स अंक तालिकाको शीर्ष स्थानमा उक्लिएको छ भने मुम्बई इन्डियन्स चौथो स्थानमा झरेको छ। पहिले ब्याटिङको निम्तो पाएपछि मुम्बई इन्डियन्सले निर्धारित २० ओभरमा ८ विकेट गुमाएर १५५ रन बनायो। जवाफमा, गुजरात टाइटन्सले दुई पटक वर्षाले अवरोध गरेपछि १४७ रनको संशोधित लक्ष्य पछयायो। कप्तान शुभमन गिलले ४६ बलमा ४३ रनको उच्चतम स्कोर बनाए। उनी खेलको उत्कृष्ट खेलाडी घोषित भए। मुम्बई इन्डियन्सका लागि ट्रेन्ट बोल्ट, जसप्रित बुमराह र अश्विनी कुमारले समान दुई विकेट लिए। आज कोलकाता नाइट राइडर्सले कोलकाताको इडेन गार्डेनमा चेन्नई सुपर किंग्सको सामना गर्नेछ। यो म्याच  साँझ ७ बजेर ३० मिनटमा  सुरु हुनेछ।

****** ० ******

****** ○ ******